# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७] काठमाडौं, असार १ गते २०३४ साल [अतिरिक्ताङ्क १५


राष्ट्रिय पञ्चायत सचिवालयको

सूचना

श्री ५ महाराजाधिराजबाट राष्ट्रिय पञ्चायतको अट्ठाइसौं अधिवेशनलाई २०३४ साल आषाढ १ गते रोज ४ का दिन बक्सेको सम्बोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

# शाही-सम्बोधन

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्रिय पञ्चायतका अध्यक्ष तथा सदस्यहरू,

१. आज सबै नेपाली दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थामा विश्वस्त रही देशविकासको पथमा अगाडि बढ्दै गएको अनुभव गर्न पाउँदा हामीलाई खुशी लाग्नु स्वाभाविकै हो। राष्ट्रियतालाई सम्बर्द्धन गर्दै हामी सबैले बटुल्न सकेको साधन र स्रोतलाई परिचालन गरी राष्ट्रनिर्माणको कार्यमा दृढताका साथ अगाडि बढ्नु पर्ने समयको माग हुन आएको छ। यसको लागि हामीले देशमा विकसित भैरहेको पञ्चायती व्यवस्थालाई बढी सक्षम र सुदृढ बनाउँ लैजानुका साथै आत्मनिर्भरताको बाटोमा अग्रसर भै जनताको न्यूनतम आवश्यकता पूरा गर्न सकिने आर्थिक व्यवस्थातर्फ छिटै पुग्न सक्रिय प्रयास गर्नु परेको छ।

२. पञ्चायत व्यवस्थाको सिद्धान्त अनुरूप राजनैतिक कार्यक्रमहरू तर्जुमा गरेर गाउँफर्क राष्ट्रिय अभियान पञ्च–कार्यकर्ताहरूलाई सुसंगठित पार्ने काममा संलग्न रहेको छ। देशविकासको अभियानमा द्रुततर गति प्रदान गर्दै जनजीवनमा भिजी राष्ट्रियतालाई सुदृढ पार्ने र राष्ट्रिय स्वतन्त्रतालाई अक्षुण्ण राख्न सक्ने स्वयं मर्यादित र कर्मठ पञ्च तथा वर्गीय संगठनका कार्यकर्ताहरू नै व्यवस्थाका मेरूदण्ड हुन्। त्यस्ता पञ्च–कार्यकर्ताको जमात बढाउनेतर्फ गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले योजनावद्ध ढङ्गबाट अगाडि बढ्दै जानु पर्ने समय आएको छ।

३. पञ्चायत व्यवस्थाको जगमा रहेका गाउँ तथा नगर पञ्चायतका साथै जिल्ला पञ्चायतहरूलाई प्रभावकारी बनाउने र यिनीहरूमा सक्रिय रही देशनिर्माणको काममा अग्रसर भएका पञ्चहरूमाथि विश्वास राखी तिनीहरूलाई हरतरहबाट प्रोत्साहित गर्ने मेरो सरकारको नीति हुनेछ। स्थानीय पञ्चायतहरूलाई विकासमूलक बनाई आर्थिक दृष्टिकोणले सबल बनाउन पञ्चायती करप्रणालीमा समयानुसार सुधार गरिनेछ। पञ्चायतको माध्यमबाट स्थानीय साधन तथा श्रम परिचालन गरी स्थानीय विकासका आयोजनाहरू सञ्चालन गराउनुको साथै सानो क्षेत्र सघन विकास कार्यक्रम, दुर्गम क्षेत्र विकास कार्यक्रम, पहाडी यातायात विकास कार्यक्रम, ग्रामीण खानेपानी आयोजनाहरू जस्ता विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

४. सामाजिक सेवासम्बन्धी समयसुहाउँदो विकास र विस्तार गर्नुका साथै नेपालमा विभिन्न समाजसेवीहरूद्वारा सञ्चालित सामाजिक संघ–संस्थाहरूको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

60

कामकाजको दोहोरोपन हटाई तिनीहरूमा राष्ट्रिय समन्वय कायम गर्न र उपलब्ध हुन आएको साधनको अधिकतम उपयोग गर्ने हेतुले प्रभावकारी राष्ट्रिय नीति र कार्यक्रम तर्जुमा गर्न एक सामाजिक सेवा समन्वय समितिको गठन गरिएको छ।

५. जन–आकांक्षा तथा जनताको न्यूनतम आवश्यकतालाई ध्यानमा राखी चालू पाँचौं योजनाको तेस्रो वर्षको कार्यक्रम तयार गरी कार्यान्वयन गर्नेतर्फ मेरो सरकार दत्तचित्त रहनेछ।

६. देशको विकासकार्यको लागि आवश्यक साधन जुटाउन मेरो सरकारले करको ढाँचामा परिवर्तन गर्नुको साथै करको आधारलाई विस्तृत गर्न विशेष जोड दिनेछ। तर यसो गर्दा राजस्व वृद्धि गर्ने दृष्टि मात्र नराखी देशमा लगानी, उत्पादन, रोजगारी र सामाजिक न्याय बढाउने दृष्टि समेत राख्नेछ।

७. हाल भैरहेको साधनको परिचालनमा वित्तीय संस्थानहरूबाट सन्तोषप्रद उपलब्धि हासिल गर्ने उद्देश्यले दृढताका साथ प्रयास गरिंदैछ। यसरी परिचालन गरिएको साधन उत्पादनक्षेत्रको साथै ग्रामीण क्षेत्रको निम्ति प्रत्यक्ष लाभ हुने व्यवसायको विकासमा प्रवाहित गर्दै लगिनेछ। यस क्रममा वाणिज्य बैङ्कहरूलाई प्राथमिकता प्राप्त क्षेत्रहरूमा अझ बढी लगानी गर्न प्रोत्साहन दिनको लागि मेरो सरकारले आवश्यक कानूनी व्यवस्था मिलाउनेछ। यस प्रकार मेरो सरकारले देशमा संगठित मुद्रा बजारको विस्तार र वित्तीय विकास गर्ने कार्यमा विशेष ध्यान दिनेछ।

८. देशविकासको हाम्रो मूलभूत उद्देश्य तथा कार्यनीति अनुरूप सञ्चालन हुने तथा सञ्चालन भैरहेका विकासकार्यक्रमहरूमा हालै व्यवस्था गरिएको "नेपाल सहायता समूह" को माध्यमबाट समेत वैदेशिक सहयोग उपलब्ध गर्नेतर्फ मेरो सरकारको प्रयास जारी रहनेछ।

९. देशमा सञ्चालन भैरहेका विकास अभियानलाई अझ तीव्र पार्ने उद्देश्यले प्रशासनमा समुचित सुधार गर्ने सम्बन्धमा प्रशासन सुधार आयोगले आफ्नो प्रतिवेदन पेश गरिसकेको छ। प्रशासकीय क्षमताको अभिवृद्धि गर्ने दृष्टिकोण-ले विशेषज्ञ-जनशक्तिको विकास र त्यसको अत्यधिक सदुपयोग गर्नेतर्फ विशेष ध्यान दिई प्रतिवेदनमा परेका उपयुक्त सुझावहरूलाई मेरो सरकारले यसै वर्षदेखि क्रमशः कार्यान्वयन गर्दै जानेछ।

१०. कृषिक्षेत्रमा मेरो सरकारले जमीन र श्रमको उत्पादनशीलता बढाउन बाली विविधीकरण योजना सञ्चालन गर्नेछ। सिचाइ आयोजनाहरूको कार्यान्वयन-मा तीव्रता ल्याउनुका साथै स्थानीय जनताद्वारा निर्मित कुलोहरूबाट पनि अकतमधि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फाइदा उठाउन त्यस्ता स-साना कुलोहरूको सुधार एवं नवीकरण गरिनेछ। हालैको प्रतिकूल मौसमको कारणले पहाडी क्षेत्रको बालीनालीमा पर्ने सम्भाव्य परिणामको लागि मेरो सरकार समयमा नै सचेत रहेको छ।

११. भूमिसुधार कार्यक्रमको कार्यान्वयनमा देखा परेका समस्याहरू हटाई सुदृढीकरण गर्नेतर्फ मेरो सरकारले विशेष ध्यान दिनेछ। ग्रामीण विकासको निमित्त संस्थागत व्यवस्था अन्तर्गत सञ्चालित साझा कार्यक्रमलाई सुदृढ गर्नेछ।

१२. मेरो सरकारले आयात प्रतिस्थापन उद्योगलाई महत्व दिई खासगरी देशको उद्योगलाई चाहिने कच्चा पदार्थको विकासमा बढी ध्यान दिनेछ। यस अनुसार स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरूलाई प्रोत्साहन दिइनेछ र सिमेण्ट जस्ता आधारभूत उद्योगहरूको स्थापनालाई प्राथमिकता दिई खनिज सम्पदाको खोज र विकासकार्यमा मेरो सरकार बढी प्रयत्नशील रहनेछ। ग्रामीण सीपलाई विकसित गर्ने उद्देश्यबाट मेरो सरकारले घरेलु तथा ग्रामीण उद्योगहरूलाई चाहिने तालीम, कच्चा पदार्थ र बजार व्यवस्थासम्बन्धी एकीकृत सेवाहरू क्रमशः उपलब्ध गराउँदै लैजानेछ।

१३. देशको आन्तरिक बजारको सुप्रबन्ध गर्न र देशको आवश्यकता अनुरूप वैदेशिक व्यापारको सञ्चालन गर्न मेरो सरकार प्रयत्नशील रहनेछ। यसै क्रममा गैर सरकारी क्षेत्रलाई बढी जागरूक र अग्रसर बनाउन आवश्यक सुविधा प्रदान गरिनेछ।

१४. देशको आर्थिक विकासमा पर्यटन एक प्रमुख साधन भएकोले हालै छुट्टै पर्यटन मन्त्रालयको गठन गरिएको छ र यस धन्धाको क्रमिक एवं सन्तुलित विकासको लागि आवश्यक पूर्वाधारहरूको विकास गर्दै लगिनेछ।

१५. विगत वर्षहरूमा झैं मेरो सरकारले यातायात र सञ्चारका विभिन्न विकासकार्यक्रमहरू सक्रियताका साथ सञ्चालन गर्नेछ। यस क्रममा राजमार्ग-हरूका निर्माणसम्बन्धी कार्यक्रमहरू चालू राखिनेछन्। सडक—यातायात उपलब्ध गराउन समय र खर्चको दृष्टिकोणबाट कठिन भएका क्षेत्रहरूमा मेरो सरकारले झोलुङ्गे पुलहरूको निर्माणतर्फ विशेष ध्यान दिनेछ। हवाई विकासको सिलसिलामा दुर्गम क्षेत्रमा हवाई सेवा उपलब्ध गर्न विशेष कार्यक्रम चालू राखिनेछ। रेडियो तर्फ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एकसय किलोवाट शक्तिको नयाँ ट्रान्समिटर जडान गरी रेडियो नेपालको प्रसारण देशको हरेक भागमा सुन्न सकिने प्रबन्ध गरिनेछ।

१६. शिक्षाको क्षेत्रमा अध्ययन तथा अध्यापनको प्रक्रियालाई बढी प्रभावकारी बनाउन शिक्षक र निरीक्षकको तालीममा विशेष जोड दिनुको साथै स्तरयुक्त शिक्षा दिने काममा पथप्रदर्शन गर्ने तथा शिक्षणको नयाँ विधि र तरीकामा प्रयोगात्मक कार्यक्रम चलाउन नमूना विद्यालयहरू खोलिनेछन् । प्राविधिक जनशक्तिको खाँचो पूर्ति गर्न उच्च शिक्षाको तहमा व्यावसायिक तथा प्राविधिक शिक्षामा विशेष जोड दिइनेछ। राष्ट्रिय विकास सेवा कार्यक्रमको उपयोगितालाई ध्यानमा राखी यस कार्यक्रमलाई अझ बढी सुदृढ तथा व्यापक बनाइनेछ।

१७. अधिराज्यमा जनस्वास्थ्यको स्तर अभिवृद्धि गर्ने हेतुले मेरो सरकारले एक दीर्घकालीन स्वास्थ्य योजना तयार गरेको छ। यसको कार्यान्वयन प्रभावकारी रूपमा क्रमशः गर्दै जानेछ। मेरो सरकारले प्रतिकारात्मक सेवामा जोड दिनुको साथै परिवार नियोजन तथा मातृशिशु कल्याण सेवामा बढी ध्यान पुऱ्याउनेछ । स्वास्थ्य सेवाको विस्तारलाई ध्यानमा राखी औषधिका लागि चाहिने जडीबूटीको खेती बढाउन र देशभित्रै बढ्दो मात्रामा औषधि उत्पादन गर्न मेरो सरकार प्रयत्नशील रहनेछ।

१८. राष्ट्रको आर्थिक विकासको लागि जल-विद्युत्‌को उत्पादन, सिंचाइको व्यवस्था, खानेपानीको सुविधा, बाढी-नियन्त्रण तथा मत्स्यविकास जस्ता बहुपक्षीय उपलब्धिहरू प्राप्त गर्न जलस्रोत आयोजनाहरूको तर्जुमा र कार्यान्वयन गर्ने प्रयासहरूमा मेरो सरकारले विशेष जोड दिनेछ। यस्ता ठूला विद्युत् आयोजनाहरूको निर्माणको साथै दुर्गम ग्रामीण क्षेत्रहरूमा समेत बिजुली बत्तीको सुविधा तथा स-साना उद्योग व्यवसाय र सिंचाइका लागि विद्युत्‌शक्ति सुलभ गराउन लघु जलविद्युत् आयोजनाहरूको निर्माण गरिनेछ। यस प्रकार साना आयोजनाहरूको तर्जुमा र कार्यान्वयन गर्दा स्थानीय जनताको सक्रिय सहभागिता उपलब्ध गर्नेतर्फ विशेष ध्यान दिइनेछ।

१९. खानेपानी अधिराज्यभर बढी सुलभ गराउने नीति अनुसार विभिन्न अञ्चल एवं जिल्ला सदरमुकामहरूका अतिरिक्त खानेपानीको असुविधा भएका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ठाउँहरूमा जनताको सहभागिताको आधारमा खानेपानी आयोजनाहरू व्यापक रूपमा सञ्चालन गर्ने लक्ष्य राखिएको छ ।

२०.　　मेरो सरकारले नयाँ राष्ट्रिय वन योजना अनुसार वनको संरक्षण, सम्वर्द्धन तथा सदुपयोगको प्रभावकारी व्यवस्था मिलाउनेछ र वनक्षेत्र अतिक्रमण हुन नपाउने गरी वनक्षेत्रहरूलाई एकै चक्लामा संयोजन गर्ने उद्देश्य लिएर बसोबास गराउने नीति लिनेछ। यी कार्यक्रमहरू जनसहयोग र जनसहभागिताको आधारमा सञ्चालन गरिनेछन्। भू तथा जलसंरक्षणकार्य प्राथमिकताको आधारमा विस्तार गरिनेछ ।

२१.　　प्रचलित कानूनको सामयिक सुधार र एकीकरण गर्ने परिप्रेक्षमा कार्यविधिसम्बन्धी कानून र अन्य कानूनहरूलाई अद्यावधिक बनाइने प्रयास जारी नै रहनेछ।

२२.　　नेपाल प्रहरी सेवालाई वैज्ञानिक ढङ्गबाट विकसित गरी दक्ष र प्रभावकारी बनाइनेछ । त्यस्तै शाही नेपाली सेनालाई समयानुसार सक्षम र बढी सुदृढ बनाउँदै लैजान मेरो सरकार प्रयत्नशील रहनेछ।

२३.　　नेपालले विश्वशान्तिको निम्ति सदैव प्रयास गर्दै आएको छ। संसारका सबै राष्ट्रहरूसँग मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने हाम्रो नीति रहेको सर्वविदित छ । छिमेकी मुलुकहरूबीचको सुसम्बन्धबाट नै क्षेत्रीय तथा विश्वशान्तिको आधार बलियो हुन्छ भन्ने हाम्रो विश्वास छ। हाम्रा छिमेकी राष्ट्रहरू खासगरी सीमाना जोडिएका मित्रराष्ट्रहरू, भारत र चीनसँग नेपालको गहिरो मित्रता र सहयोगको सम्बन्ध कायम रहेको छ। मित्र राष्ट्रहरूसँगको सम्बन्धलाई समानता, सार्वभौमिकता आन्तरिक मामलामा अहस्तक्षेप तथा एक अर्काका राष्ट्रिय व्यवस्था र आकाँक्षाहरू-प्रति पारस्परिक पूर्ण सम्मान र समझदारीको आधारमा विकसित गर्दै जाने हाम्रो दृढ नीति छ ।

२४.　　मित्रराष्ट्र श्रीलंकाको राजधानी कोलम्बोमा भएको पाँचौं असंलग्न शीर्षस्थ सम्मेलनमा हामीले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्‍यौं । मानव-जातिको कल्याणको निम्ति विश्वशान्तिलाई सुदृढ गर्ने र नयाँ अन्तर्राष्ट्रिय आर्थिक व्यवस्था स्थापित गर्ने असंलग्न राष्ट्रहरूको प्रयासमा नेपालले सक्रिय योगदान गरी नै रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५. हामीबाट सोभियत संघको सर्वोच्च सोभियतको अध्यक्षमण्डलका अध्यक्षको मैत्रीपूर्ण निमन्त्रणामा गत वर्ष भएको सोभियत संघको राजकीय भ्रमणले दुवै देशबीच कायम रहेको मैत्रीपूर्ण सम्बन्धलाई अझ मजबूत तुल्याएको छ।

२६. हालै भएको भारतको हाम्रो भ्रमणको अवसरमा भारत सरकारका नेताहरूसँग भएको हाम्रो मैत्रीपूर्ण कुराकानीबाट हाम्रा दुई देशबीच रही आएको आपसी समझदारीमा वृद्धि भएको छ । हाम्रो निमन्त्रणामा समाजवादी बर्मा गतन्त्र संघका राष्ट्रपति महामहिम ने विनले पनि नेपालको सद्भावनाभ्रमण गर्नुभयो । यसबाट हाम्रा दुई देशका बीच रही आएको मैत्री सम्बन्धमा अझ बढी विस्तार ल्याएको छ ।

२७. नेपालको विकासमा सबै मित्रराष्ट्रहरू र अन्तर्राष्ट्रिय संस्थाहरूबाट देखाइएको अभिरूची र सहायताको लागि मेरो सरकार कृतज्ञता ज्ञापन गर्दछ । यसै सन्दर्भमा हालसालै दौत्य सम्वन्ध स्थापना भएका मध्यपूर्वका केही मित्रराष्ट्रहरूका मैत्रीपूर्ण सहयोग विशेष उल्लेखनीय छन् । विदेशस्थित शाही नियोगहरू क्रमिक रूपमा बढाउँदै लैजाने हाम्रो नीति अनुरूप आगामी आर्थिक वर्षमा कदम चाल्नेछौं ।

२८. अन्त्यमा, देशको संविधान र कानूनको मर्यादालाई पालन गरी निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको मौलिक सिद्धान्त र मान्यताहरूलाई स्वीकार गरी राष्ट्रनिर्माणको काममा सहभागी हुन इच्छुक प्रत्येक नेपालीलाई यथेष्ट अवसर प्रदान गर्ने मेरो सरकारको नीति हुनेछ । हाम्रो राजनैतिक व्यवस्थालाई अझ बढी सुदृढ, सेवामुखी र विकासमूलक बनाई देशको सर्वतोमुखी उन्नति गर्ने कार्यमा मेरो सरकारलाई सबै देशवासीबाट पूरा सहयोग प्राप्त हुनेछ भन्ने हामीले आशा राखेका छौं ।

जय नेपाल !

आज्ञाले–
अनन्त पौड्याल
राष्ट्रिय पञ्चायतको सचिव

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७९८